# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, माघ १६ गते २०३१ साल [अतिरिक्ताङ्क ४३


### श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २४, मिति ०३१।७।१६ संख्या २६ को नेपाल राजपत्र भाग३ मा प्रकाशित यस मन्त्रालयको व्यापारिक फर्महरूले आफूले कमाएको बिदेशी मुद्रामध्येबाट पाउँने बोनस अन्तर्गत पैठारी इजाजत दिनेसम्बन्धी आदेशमा देहायबमोजिम संशोधन गर्ने गरी यो आदेश जारी गरेको छ।

दफा २ को खण्ड (क) मा "सूती धागो" भन्ने शब्दहरूपछि रहेको "माल" भन्ने शब्दलाई हटाई "बस, ट्रक र जीपको टायर, ट्यूब, फ्लैप्स र पार्ट पूर्जा र कागजहरू" भन्ने शब्दहरू थपिएको छ।

दफा २ को खण्ड (ख) को "सूती कपडा" भन्ने शब्दहरूपछि रहेको "माल" भन्ने शब्दलाई हटाई "लगायत सबै प्रकारको कपडाहरू" भन्ने शब्दहरू थपिएको छ।

आज्ञाले–

766

शिवनारायण दास

श्री ५ को सरकारको सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।